कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय,मुगु

प.सं. २०७७/०७८

मिति: २०७७/०९/१०

प्रदेश सरकार
भूमि व्यवस्था कृषि सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
गमगढी, मुगु
कर्णाली प्रदेश

सूचना ! सूचना!! सूचना !!!

# सूचिकृत हुने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०९/१०)

प्रस्तुत विषयमा यस कृषि विकास कार्यालय मुगुको चालु आ.व २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार निर्वाहमुखि कृषिलाई साना व्यवसायीक कृषक/उद्यमीकोरुपमा विकास गर्ने र कृषि व्यवसायीकरण तर्फ आकर्षित गर्ने उद्देश्यले **मौरीपालन प्याकेज (आधुनिक घार र आवश्यक औजार उपकरण) सहयोग कार्यक्रमको** लागी तपशिलको सिमा र मापदण्ड बमोजिम अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस मुगु जिल्ला भित्रका मौरीपालन पेशामा संलग्न ईच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी /निजी कृषि फर्महरुलाई सुचिकृत हुनका लागी यो सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०७७/१०/१०गते) भित्र यस कार्यालयमा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी सुचिकृत हुनका लागी अनुरोध गरीन्छ । म्याद नाघि तथा रित नपुगी आएका कागजात उपर कुनै कारवाही हुने छैन । थप जानकारीको लागी कृषि विकास कार्यालयको फोन नं ०८७४६००८६ मा सम्पर्क गर्न सकिने छ भने Website: adomugu.gov.np र कार्यालयको फेसबुक पेजमा समेत हेर्न सकिने छ ।

**तपशिल सीमा/मापदण्डहरु:**

| सि नं | अधिकतम सीमा | | न्यूनतम मापदण्ड |
|---|---|---|---|
| | व्यक्तिगत | समुह/सहकारी | |
| १ | मौरी घार,गोला तथा सामग्री र उपकरणमा ५०% अनुदान उपलब्ध गराईने छ । | मौरी घार,गोला तथा सामग्री र उपकरणमा ७०% अनुदान उपलब्ध गराईने छ. | व्यक्तिगतको हकमा १२ बटा मौरी घार प्रतिब्यक्ति भएको हुनुपर्ने छ भने समुह/सहकारीको हकमा ६० वटा मौरीघार भएको हुनुपर्ने छ । |

आवश्यक कागजातहरु:

१.संस्था दर्ता प्रमाण पत्र र नविकरणको प्रतिलीपि ।
२.स्थायी लखा नम्बर प्रमाण पत्रको प्रतिलीपि ।
३.सहकारी र फर्मको हकमा गत आ.व सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी (कर छुट भए सम्बन्धित कार्यालयको प्रमाण)
४.संस्थाको गत आ.व को लेखा परीक्षण भएको प्रतिवेदको प्रतिलिपी ।
५. समुह/सहकारीको हकमा कार्यक्रम सम्बन्धि संस्थगत निर्णयको प्रतिलिपी ।
६.सम्बन्धित वडा कार्यालयको सिफारीस ।

कमल बहादुर सुनार

कमल बहादुर सुनार
कार्यालय प्रमुख